बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ | बर्ष ५ | अंक १३ | मिति : भदौ २२ गते २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग -२

# नगर प्रहरी छनौट, सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०७७ को दफा ७ तथा दफा १० (१) संशोधन सम्बन्धमा

*कार्यपालिका निर्णय मितिः २०७८/५/२१ गते*

बुद्धभूमि नगरपालिकाको नगर प्रहरी छनौट, सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ तथा दफा १० (१) छनौट समितिको गठनमा सुरक्षा निकायका प्रमुखलाई छनौट समितिमा राखेर काम अगाडी बडाउनको लागि पत्राचार गर्दा उक्त निकायको माथिल्लो तहवाट सिफारिस गरी पठाउनु पर्ने र पटक पटकको सरुवाले पदपुर्ति गर्न कठिनाई हुनसक्ने हुदा तपशिल बमोजिम छनौट समिति हुने गरी संशोधन गरी राजपत्रमा सूचना प्रकाशन गर्ने । साथै दफा १० (१) मा शारीरिक तथा तन्दुरूष्टी परीक्षणमा स्वास्थ्य कर्मीको संलग्नता जरूरी देखिएकोले देहाय अनुरूप संशोधन गर्ने ।

<u>तपशिलः</u>

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको बरिष्ठ अधिकृत – संयोजक
ख. नगर प्रमुखले तोकेको जिल्ला स्थित कार्यालयको अधिकृत प्रतिनिधी – सदस्य
ग. प्रशासन शाखा प्रमुख – सदस्य सचिव

साथै छनौट समितिले आश्यकता अनुसार सुरक्षा निकायका प्रतिनिधिलाई विशेष आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्ने छ ।

२. बुद्धभूमि नगरपालिकाको नगर प्रहरी छनौट, सञ्चालन तथा ब्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ को दफा १० (१) मा देहाय अनुरुप हुने गरी मूल कार्यविधिमा संशोधन गरी राजपत्रमा प्रकाशन गर्ने ।

<u>तपशिल</u>

क. बुद्धभूमि नगरपालिका स्वास्थ्य शाखा प्रमुख
ख. ईलाका प्रहरी कार्यालय गोरुसिंगेका प्रतिनिधी एक जना
ग. शसस्त्र प्रहरी वेश क्याम्प चौरीका प्रतिनिधी एक जना

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत